नेपाल सरकार
लगानी बोर्डको कार्यालय

☎ ९७७-१-४४७५२७६
४४७५२७७
४४७५२७८
फ्याक्स: ९७७-१-४४७५२८१

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।

पत्र संख्याः
च.नं.:

मितिः
मिति : २०७९ असार १७ शुक्रबार

## प्रेस विज्ञप्ति

काठमाडौं । लगानी बोर्ड, नेपालका प्रमुख कार्यकारी अधिकृत श्री सुशील भट्टले बेलायतस्थित नेपाली दूतावासले त्यहाँका लगानीकर्ताहरू लक्षित गरी आयोजना गरेको 'Investment in Emerging Nepal' सम्मेलनलाई सम्बोधन गर्दै बेलायती लगानीकर्तालाई नेपालमा सम्भाव्य लगानीका अवसरबारे बताउनुभएको छ ।

परियोजना विकास चक्रमा लगानी बोर्डको सहजीकरण र सहयोगात्मक भूमिकाको बारेमा उल्लेख गर्दै सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा गठित लगानी बोर्डले विकासकर्तालाई फास्ट ट्र्याकबाट सुविधा एवं सहजीकरण उपलब्ध गराउदै आइरहेकाले लगानीमैत्री वातावरण तयार भईसकेको सन्दर्भमा ढुक्क भएर लगानी गर्न लगानीकर्तालाई आव्हान गर्नु भएको छ ।

"नेपालमा विदेशी लगानीकर्ताले गरेको पुनर्लगानी, सम्पन्न भएर सञ्चालनमा आएका ठूला सिमेन्ट परियोजना तथा अरुण तेश्रो जलविद्युत आयोजनाको विकास समेतले नेपाल लगानीका लागि उदयमान गन्तव्य हो भन्ने आधार श्रृजना भईसकेको छ," श्री भट्टले भन्नुभयो; "लगानी बोर्डमार्फत अहिलेसम्म ३३ परियोजनाका लागि ८.७४ अर्ब अमेरिकी डलरको लगानी स्वीकृत भएको छ । नेपालले आफ्ना विकास आवश्यकता पूरा गर्न विदेशी लगानीलाई स्वच्छ र नवीकरणीय जलविद्युतका अतिरिक्त विद्युतीय यातायात, सडक, खानी तथा खनिज लगायतका विविध क्षेत्रमा विदेशी लगानीलाई प्राथमिकता दिएको छ भने नेपाल सरकारले हरित र उत्थानशील पूर्वाधार विकासलाई समेत उच्च महत्व दिएको छ ।"

सम्मेलन आयोजकका तर्फबाट बेलायतका लागि नेपाली राजदूत महामहिम ज्ञानचन्द्र आचार्यले स्वागत मन्तव्यका क्रममा नेपाल र बेलायतबीचको दुई शताब्दी लामो प्रगाढ र मित्रवत् सम्वन्धका विभिन्न आयामबारे चर्चा गर्दै नेपालको विकासमा बेलायत सधैं सहयोगी रहँदै आएको बताउनुभयो । विदेशी लगानीकर्ताका लागि नेपालले सहज र सरल वातावरण तयार गर्नुका साथै लगानी सुरक्षाको प्रत्याभूति समेत गरेको भन्दै राजदूत आचार्यले स्वच्छ र नवीकरणीय उर्जा, म्यानुफ्याक्चरिङ, विद्युतीय परिवहन तथा अन्य जलवायु उत्थानशील पूर्वाधार र औद्येगिक क्षेत्रमा लगानी गरी लाभ लिन बेलायती लगानीकर्तासमक्ष आह्वान गर्नुभयो ।

☎ { ९७७-१-४४७५२७६
४४७५२७७
४४७५२७८
फ्याक्स: ९७७-१-४४७५२८१

# नेपाल सरकार
# लगानी बोर्डको कार्यालय

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र परिसर,
नयाँ बानेश्वर, काठमाडौं ।

नेपाल सरकार लगानी बोर्डको कार्यालय २०६८

पत्र संख्या:
च.नं.:

मिति:

सम्मेलनमा युके—नेपाल ट्रेड एन्ड इन्भेष्टमेन्ट फोरमका अध्यक्ष The Loard Sheikh, डिपार्टमेन्ट अफ इन्टरनेशनल ट्रेडका तर्फबाट म्यानुफ्याक्चरिङ, इनर्जी एन्ड इन्फ्रास्ट्रक्चर निर्देशक Mr. Rodney Berkeley तथा Mr. Rajesh Hemnai, इन्भेष्टमेन्ट म्यानेजर, इन्फ्रास्ट्रक्चर टिम— ब्रिटीश इन्टरनेशनल इन्भेष्टमेन्ट (BII) तथा डोल्मा फन्ड म्यानेजमेन्टका सीईओ Mr. Tim Gocher OBE का साथै गैर आवासीय नेपाली संघ (अन्तर्राष्ट्रीय समन्वय परिषद्) का अध्यक्ष कुल आचार्य एवं ब्रिटेन—नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष डा. कपिल रिजाल लगायतले सम्बोधन गर्नुभएको थियो ।

सम्मेलनका क्रममा युके—नेपाल व्यापार तथा लगानी मञ्च (UK-Nepal Trade and Investment Forum) को औपचारिक घोषणा गरिनुका साथै व्यवसायिक प्रतिनिधिमण्डलको नेपाल भ्रमणको घोषणा गरिएको थियो।

पछिल्लो समय लगानी बोर्डले आर्थिक कूटनीतिमार्फत नेपालमा विदेशी लगानी आकर्षित गर्न परराष्ट्र मन्त्रालयसँग समन्वय र सहकार्य गर्दै आइरहेको छ । लगानी बोर्डले आफ्नो रणनीतिक योजनामा सन् २०२६ सम्म १० अर्ब अमेरिकी डलर बराबरको लगानी स्वीकृत गर्ने र ६ अर्ब अमेरिकी डलर बराबर लगानीका पीपीपी (सार्वजनिक निजी साझेदारी) का आयोजना व्यवस्थापन गर्ने लक्ष्य राखेको छ । उक्त लक्ष्य प्राप्तिका लागि बोर्डले परियोजना विकास र व्यवस्थापन, लगानी प्रवर्द्धन, संस्थागत विकास र सहकार्य, समन्वय तथा साझेदारीलाई महत्व दिदैं आएको छ। लगानी प्रबर्धनको बिषयमा बेलायतका लागि गरिएको प्रमुख कार्यकारी अधिकृतको भ्रमणले भविष्यमा परियोजना बिकासमा विदेशी लगानी आकर्षण गर्न कोशेढुङ्गा साबित हुने देखिएको छ ।

राजु गुरागाई
उप सचिव